# अदालतको कारवाहीमा दोभाषे सेवाको प्रयोग सम्बन्धी निर्देशिका, २०७२

पूर्ण वैठकबाट पारित मितिः २०७२।९।२१।४

सर्वोच्च अदालतले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ११६ बमोजिम यो निर्देशिका वनाएको छ।

१ **सँक्षिप्त नाम र प्रारम्भः** यो निर्देशिकाको नाम " अदालतको कारवाहीमा दोभाषे सेवाको प्रयोग सम्बन्धी निर्देशिका, २०७२" रहेको छ।

२ **परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

(१) "दोभाषे" भन्नाले कुनै अदालतको रजिस्ट्रार वा स्रेस्तेदारको निर्णय वा इजलासको आदेशले तोकेको कुनै भाषाबाट नेपाली भाषामा वा नेपाली भाषावाट तोकेको त्यस्तो भाषामा मौखिक रूपमा उल्था गर्ने कार्य गर्न यस निर्देशिका वमोजिम अधिकार पाएको व्यक्तिलाई जनाउँछ।

(२) "अदालत" भन्नाले सर्वोच्च अदालत, पुनरावेदन अदालत, जिल्ला अदालत र विशेष अदालत समेतलाई जनाउँछ। सो शब्दले राजश्व न्यायाधिकरण र वैदेशिक रोजगार न्यायाधिकरण समेतलाई जनाउँछ।

३ **दोभाषेको सेवाका लागि भाषा तोक्नेः** कुनै अदालतमा दोभाषे सेवा उपलव्ध गराउन आवश्यक देखेमा सम्बन्धित अदालतको रजिस्ट्रार वा स्रेस्तेदारले निर्णय गरी दोभाषेको सेवा दिइने भाषाहरु तोक्न सक्नेछ। कुनै मुद्दामा यसरी निर्णय भएवाहेकका अन्य भाषामा समेत दोभाषेको सेवा दिनुपर्ने देखेमा अदालतको कुनै इजलासले आदेश गरी सम्वन्धित मुद्दाका लागि त्यस्तो भाषा तोक्न सक्नेछ।

४ **दोभाषेको योग्यताः** अदालतमा दोभाषेको रुपमा सूचिकृत हुनका लागि निम्नवमोजिमको योग्यता भएको हुनुपर्नेछः

(१) मौखिक रूपमा उल्था गर्ने भाषा राम्रोसँग लेख्न वोल्न जान्ने।

(२) सरकारी कामकाजको भाषा राम्रोसँग वोल्न लेख्न जान्ने।

५ **दोभाषेको सूची तयार गर्नेः** (१) मुद्दासम्वन्धी कारवाहीमा दोभाषेको सेवा उपलव्ध गराउनका लागि सम्वन्धित अदालतहरुले अनुसूची १ को ढाँचामा सो अदालतमा दोभाषेको सूची तयार गर्नुपर्छ।

(२) यसरी एकपटक तयार गरेको सूची सम्बन्धित अदालतले हरेक २ वर्षमा अद्यावधिक गर्नुपर्छ।

६ **दोभाषेको छनौटः** (१) दोभाषेको छनौट गरी सिफारिस गर्ने प्रयोजनका लागि देहायका अदालतहरुमा देहायबमोजिमको छनौट समिति रहनेछः

(क) सर्वोच्च अदालतमाः

| | | |
|---|---|---|
| (१) | रजिष्ट्रार, सर्वोच्च अदालत | अध्यक्ष |
| (२) | सहरजिष्ट्रार, सर्वोच्च अदालत | सदस्य |
| (३) | रजिष्ट्रारले तोकेको एकजना अधिकृत | सदस्य |

(ख) पुनरावेदन अदालतमाः

| | | |
|---|---|---|
| (१) | पुनरावेदन अदालतका मुख्य न्यायाधीश वा निजले तोकेको न्यायाधीश | अध्यक्ष |
| (२) | रजिष्ट्रार, पुनरावेदन अदालत | सदस्य |
| (३) | पुनरावेदन अदालतका मुख्य न्यायाधीशले तोकेको एकजना अधिकृत | सदस्य |

(ग) विशेष अदालतमाः

| | | |
|---|---|---|
| (१) | विशेष अदालतका अध्यक्ष वा निजले तोकेको न्यायाधीश | अध्यक्ष |
| (२) | रजिष्ट्रार, विशेष अदालत | सदस्य |
| (३) | विशेष अदालतका अध्यक्षले तोकेको एकजना अधिकृत | सदस्य |

(घ) जिल्ला अदालतमाः

| | | |
|---|---|---|
| (१) | जिल्ला न्यायाधीश | अध्यक्ष |
| (२) | स्रेष्तेदार, जिल्ला अदालत | सदस्य |
| (३) | जिल्ला न्यायाधीशले तोकेको एकजना अधिकृत | सदस्य |

(ङ) राजश्व न्यायाधिकरणमाः

| | | |
|---|---|---|
| (१) | राजश्व न्यायाधिकरणका अध्यक्ष वा निजले तोकेको सदस्य | अध्यक्ष |
| (२) | स्रेष्तेदार, राजश्व न्यायधिकरण | सदस्य |
| (३) | राजश्व न्यायाधिकरणका अध्यक्षले तोकेको अधिकृत | सदस्य |

(च) वैदेशिक रोजगार न्यायाधिकरणमाः

| | | |
|---|---|---|
| (१) | वैदेशिक रोजगार न्यायाधिकरणका अध्यक्ष वा निजले तोकेको सदस्य | अध्यक्ष |
| (२) | स्रेष्तेदार, वैदेशिक रोजगार न्यायधिकरण | सदस्य |
| (३) | वैदेशिक रोजगार न्यायाधिकरणका अध्यक्षले तोकेको एकजना अधिकृत | सदस्य |

(२) उपदफा (१) बमोजिमको समितिले दोभाषेको छनौटसम्वन्धी काम कारवाही गर्दा कुनै निकायको विज्ञलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) दोभाषेको छनौट गर्ने प्रयोजनका लागि छनौट समितिले सर्वोच्च अदालतको वेवसाइट वा कुनै उपयुक्त माध्यामबाट कम्तिमा १५ दिनको म्याद दिई दरखास्त आह्वान गरी सूचना प्रकासन गर्नेछ।

(४) उपदफा (३) मा उल्लेखित म्यादभित्र योग्यता पुगेका इच्छुक उम्मेदवारले सम्वन्धित अदालतको रजिष्ट्रार वा स्रेष्तेदार समक्ष दरखास्त दिन सक्नेछ।

(५) छनौट समितिले आवश्यक देखेको उपयुक्त विधि प्रयोग गरी उम्मेदवारको उपयुक्तता परीक्षण गर्न सक्नेछ। तर एकपटक सूचीकृत भैसकेका दोभाषेहरूको नाम अद्यावधिक गर्दा पुनः परीक्षण गर्न अनिवार्य छैन।

(६) उपदफा (१) बमोजिमको समितिले दोभाषेको छनौट र सिफारिस सम्बन्धी अन्य कार्यविधि आफैले निर्धारण गर्न सक्नेछ।

७ **दोभाषेको परिचय पत्रः** दफा ५ बमोजिमको सूचीमा नाम समावेश भएका दोभाषेलाई सम्बन्धित अदालतले अनुसूची २ वमोजिमको ढाँचामा परिचयपत्र दिनेछ। यसरी परिचयपत्र लिनु अघि सूचीमा नाम समावेश भएका दोभाषेले अनुसुची ३ मा तोकिएको ढाँचामा सपथ लिनु पर्नेछ।

अन्यत्र जेसुकै लेखिएको भएपनि कुनै मुद्दामा दोभाषेको सेवा आवश्यक भई मुद्दाका पक्षले सूचीमा समावेश नभएको कुनै व्यक्तिलाई दोभाषेको रूपमा प्रस्तुत गरेमा त्यस्तो व्यक्तिको योग्यता विचार गरी इजलासले सो मुद्दामा दोभाषेको रूपमा काम गर्न अनुमति दिन सक्नेछ। यसरी अनुमति पाएमा त्यस्तो दोभाषेले अनुसूची ३ का तोकिएको ढाँचामा सपथ लिनु पर्नेछ।

८ **दोभाषे तोक्नेः** (१) नेपाली भाषा राम्रोसँग वुझ्न र वोल्न नसक्ने मुद्दाका पक्ष वा अदालतको आदेशले झिकाइएका अन्य कुनै व्यक्ति र अदालतले कानूनी सहायता उपलव्ध गराएका वा कोर्टफी तिर्न नसक्ने भनी अदालतले सहुलियत दिएका पक्षका साक्षीका लागि देहायको अवस्थामा सम्वन्धित अदालतको इजलासले उपयुक्त देखेमा आदेश गरी सूचीकृत भएको व्यक्तिलाई दोभाषेको सेवा दिने गरी तोक्नेछः

क) आफूलाई दोभाषेको सेवा आवश्यक भएको भनी अदालत समक्ष मौखिक वा लिखित जानकारी गराएमा,

ख) अदालतमा इजलास वा रजिष्ट्रार वा स्रेष्तेदारले सोधपुछ गर्दा मुद्दाको कुनै पक्ष वा साक्षी वा अन्य सम्वन्धित कुनै व्यक्तिलाई दोभाषेको सेवा आवश्यक भएको भन्ने देखिएमा,

९. **दोभाषेको सेवा उपलब्ध गराउनु पर्नेः** दफा ८ बमोजिम अदालतले दोभाषे सेवा उपलब्ध गराउने गरी तोकेकोमा सम्बन्धित दोभाषेले दफा १० बमोजिमको कारण परी वा शारीरिक अस्वस्थताका कारणले सेवा उपलब्ध गराउन नसक्ने अवस्थामा बाहेक सो वमोजिम दोभाषेको सेवा उपलब्ध गराउनु पर्नेछ।

१०. **दोभाषेले सेवा उपलब्ध गराउन नहुने अवस्थाः** देहायवमोजिमको अवस्थामा कुनै दोभाषेले सो मुद्दामा दोभाषे सेवा उपलब्ध गराउन हुँदैनः

क) सो मुद्दाको कुनै पक्ष वा साक्षी वा कानून व्यवसायी सम्वन्धित दोभाषेको अदालती वन्दोवस्तको महलको ३० नं अनुसारको नाताको व्यक्ति भएमा वा

ख) सो मुद्दाको कुनै पक्ष वा साक्षी वा कानून व्यवसायीसँग कुनै प्रकारले आर्थिक स्वार्थ रहेको भएमा ।

११. **अभिलेख राख्नु पर्नेः** कुनै दोभाषे सेवा उपलब्ध गराएकोमा सोको अभिलेख अनुसूची ४ वमोजिमको रजिष्टरमा दर्ता समेत गर्नुपर्छ। सोको प्रतिलिपी लेखा शाखा र सम्बन्धित मिसिल साथ राख्नु पर्छ।

१२. **दोभाषेको काम, कर्तव्य र अधिकारः** दोभाषेको काम, कर्तव्य र अधिकार देहायवमोजिम हुनेछः

(क) दोभाषे सेवा पाउने व्यक्तिले अदालतमा वोलेको कुरालाई अनुवाद गरी न्यायाधीश वा कर्मचारी समक्ष सरकारी काम काजको भाषामा सुनाउने र न्यायाधीश वा कर्मचारीले वोलेको कुरा मौखिक रूपमा उल्था गरी त्यस्ता व्यक्तिलाई निजले वुझ्ने भाषामा सुनाउने।

(ख) आफूले मौखिक रूपमा उल्था गरेका कुरालाई लिखित रूप दिइएको भए त्यस लिखतमा उल्था गरेवमोजिम ठीक छ भनी हस्ताक्षर गरी प्रमाणित गरिदिने।

(ग) कुनै कारणले दोभाषे सेवा दिन नमिल्ने वा नसकिने परिस्थिति भएमा त्यसको जानकारी सम्बन्धित अदालतलाई तुरून्त गराउने।

१३. **दोभाषेले पालना गर्नुपर्ने आचरणहरुः** कुनै अदालतमा सूचीकृत दोभाषेले देहायवमोजिमका आचरणहरूको पालना गर्नुपर्छः

(क) वोल्ने व्यक्तिले अदालतसमक्ष व्यक्त गरेको कुरा व्याख्या नगरी जस्ताको तस्तै उल्था गर्नुपर्छ।

(ख) दोभाषे सेवा उपलब्ध गराए वापत अदालतले उपलब्ध गराएको पारिश्रमिक वाहेक सो मुद्दामा कसैवाट अन्य कुनै फाइदा वा सुविधा स्वीकार गर्नु हुँदैन।

(ग) आफ्नो क्षमताको विकासको लागि निरन्तर प्रयासरत रहनु पर्छ।

(घ) उल्था गर्ने कार्य गर्दा कसैप्रति पूर्वाग्रह वा पक्षपात नगरी इमानदारिताका साथ आफ्नो क्षमताको प्रयोग गरी सेवा प्रदान गर्नुपर्छ। जानाजान वा लापरवाहीपूर्वक पक्ष वा अदालतको अहित हुने कार्य गर्नु हुँदैन।

(ङ) आफूले दोभाषे सेवा प्रदान गरेको मुद्दाका पक्ष, कानून व्यवसायी वा अदालतलाई मुद्दाको तथ्य वा कानूनको आधारमा कुनै राय सल्लाह दिनु हुँदैन।

(च) मुद्दाको फैसलामा प्रभाव पर्ने गरी दोभाषे सेवासँग असम्वन्धित कुनै कुरा अभिव्यक्त गर्नु हुँदैन।

(छ) अदालतमा आउँदा मर्यादित पोशाक र परिचय पत्र लगाउनु पर्छ।

(ज) अदालतको अवहेलना हुने वा अदालतको जनआश्थामा नकारात्मक प्रभाव पर्ने खालका कुनै कुरा गर्नु हुँदैन।

(झ) कर्तव्य पालनाको सिलसिलामा जानकारी पाएको कुनै सूचना वा जानकारी कानूनले तोकेको अवस्थामा वाहेक कसैलाई थाहा दिनु हुँदैन।

(ञ) अदालतसम्वन्धी नियमहरुको पालना गर्नुपर्छ।

(ट) सेवाग्राही, न्यायाधीश, अदालतका कर्मचारीहरू तथा कानून व्यवसायीहरूप्रति मर्यादित र सम्मानजनक व्यवहार गर्नुपर्छ।

१४. **दोभाषेलाई सूचीबाट हटाउने:** (१) देहायका अवस्थामा दोभाषेको नाम अदालतले तयार गरेको सूचीवाट हटाइने छः

(क) दोभाषेको सूचीबाट आफूलाई हटाउनका लागि सम्बन्धित अदालतको रजिष्ट्रार वा स्रेष्तेदार समक्ष लिखित जानकारी दिएमा,

(ख) अदालतबाट तोकिएको जिम्मेवारी इमान्दारीतासाथ पूरा नगरेको वा गम्भीर लापरवाही गरेको वा आचरण सम्वन्धी नियमहरुको वारम्वार उल्लङ्घन गरेको वा गुणस्तरीय सेवा दिन नसकेको वा मनासिव कारण विना तोकिएको काम गर्न इन्कार गरेको आधारमा सम्वन्धित अदालतको इजलास, रजिष्ट्रार वा स्रेप्तेदारले निजको नाम सूचीवाट हटाउने निर्णय गरेमा,

(ग) निजको मृत्यु भएमा,

(घ) सूचीकृत भएको २ वर्षपछि दोभाषेको सूची अद्यावधिक नगराएमा,

१५. **अदालतले आवश्यक कागजात उपलब्ध गराउने:** दोभाषेको सेवा प्रदान गर्ने व्यक्तिलाई आवश्यक पर्ने कुनै कागजात लगायतका सामाग्रि सम्वन्धित अदालतले उपलब्ध गराउने छ।

१६. **दोभाषेको पारिश्रमिक सम्बन्धी व्यवस्थाः** दोभाषेलाई दिइने पारिश्रमिक स्वीकृत ~~नर्मसका~~ नियमका आधारमा सर्वोच्च अदालतका रजिष्ट्रारले तोके वमोजिम हुनेछ।

## अनसूची १

## दोभाषेको सूची

### दफा ५(१) सँग सम्बन्धित

| क्रमाङ्क | दोभाषेको नाम | दोभाषेको ठेगाना | परिचय पत्र नं. | सूचिकृत भएको मिति | उल्था गर्ने भाषा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

द्रष्टव्यः दोभाषेको परिचय पत्रमा क्रमाङ्क र सूचिकृत भएको साल उल्लेख गर्नुपर्छ। सो परिचयपत्र नं. अनुसुची २ वमोजिम दिइने दोभाषे परिचयपत्रमा समेत उल्लेख गर्नुपर्छ।

## अनुसूची २

........ अदालत

### दोभाषेको परिचयपत्र

(दफा ७ सँग सम्बन्धित)

नामः परिचयपत्र नं.

ठेगानाः

अनुवाद गर्ने भाषाः

प्रमाणित गर्ने अधिकारी

मितिः

## अनुसूची ३

........ अदालत

### दोभाषेको सपथको ढाँचा

(दफा ७ सँग सम्बन्धित)

म .............................. ईश्वरको नाममा / सत्य निष्ठपूर्वक दोभाषेको रूपमा सपथ लिन्छु कि मैले अनुवाद सम्बन्धी प्रक्रियाको सिलसिलामा कुनै पक्षप्रति मर्मोलाहिजा नराखी, पक्षपात नगरी, गोपनियता र निष्पक्षता कायम गर्दै कानून र न्यायिक प्रक्रियाप्रति सम्मान तथा समर्पणको भावना राखी काम गर्नेछु। मैले अदालतको कारवाहीमा दोभाषे सेवाको प्रयोग सम्बन्धी निर्देशिका, २०७२ अनुसार दोभाषेले पालना गर्ने आचरणको पूर्ण पालना गर्दै आफूलाई सुम्पिएको दायित्व इमानदारितापूर्वक निर्वाह गर्नेछु ।

<u>सपथ लिनेको</u>

सहीः

नामः

परिचयपत्र नं.

मितिः

<u>सपथ गराउनेको</u>

सहीः

नामः

पदः

कार्यालय

मितिः

अनुसूची ४

.. ...... अदालत

दोभाषे सेवा उपलब्ध गराएको अभिलेख

(दफा ११ सँग सम्बन्धित)

| दर्ता नं. | दोभाषेको विवरण | | मुद्दाको विवरण | | | सेवा लिने व्यक्तिको | | | सेवा दिएको मिति | लागेको दिन |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | परिचयपत्र नं. | वादीको नाम | प्रतिवादीको नाम | मुद्दा नं | नाम | ठेगाना | साक्षी/पक्ष/ अन्य | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |